# शब्दव्युत्पादन प्रक्रिया र प्रकार

**दीपकप्रसाद ढकाल (उपप्रा.), नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर**
deepakdhakal973@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा नेपाली भाषाका कोशीय अर्थयुक्त शब्दव्युत्पादनको प्रक्रिया अध्ययन गरिएको छ । शब्दव्युत्पादन निश्चित कोशीय अर्थ भएको आधार संरचनामा अर्थपरिवर्तक परिधीय संरचनाको योग हो । कोशीय अर्थयुक्त संरचनामा अर्थपरिवर्तक एकाइको योग र यस्तो प्रक्रियाबाट नयाँ आर्थी एकाइ व्युत्पादनलाई मात्र यस लेखमा अध्ययन गरिएको छ । लेख तयारीका क्रममा पुस्तकालय कार्यबाट प्राप्त सामग्रीलाई आगमनात्मक विधिको प्रयोग गरी प्रस्तुत गरिएको छ । भाषिक एकाइ तथा तिनको स्वनिम संरचनाका तहमा प्राप्त भएको आर्थी संज्ञानात्मक परिवर्तन अध्ययन गरिएकाले यो लेख गुणात्मक विधिमा केन्द्रित छ । नेपाली भाषामा पूर्वसर्ग आधार पदका अघि जोडिँदा स्वनिमको रैखिक क्रमात्मक सम्बन्ध पाइन्छ । त्यसैगरी तद्धित सर्गप्रक्रियामा स्वनिमको क्रम रैखिक अनुक्रमात्मक, अरैखिक क्रमात्मक र लुप्त स्वनिम क्रमात्मक रूपमा पाइन्छ । त्यसैगरी कोशीय समीकरणीय एकाइको आर्थी संलयन तथा पृथक्ताबद्ध आर्थी एकाइको सङ्क्षेपार्थी अवस्था देखिन्छ । यसका निम्ति आवश्यक सैद्धान्तिक अधार तथा नेपाली भाषामा प्रचलित शब्द र तिनको अर्थका बिचमा रहेको स्वनिम बारे विश्लेषण गरिएको छ । आवश्यकताअनुसार तालिकामा त्यस्ता शब्दको संरचनात्मक विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : अरैखिक क्रमात्मक, आर्थी संलयन, ध्वनिक वस्तु, रूपायन, रैखिक क्रमात्मक, लेखिमिक वस्तु

Article's information : Manuscript received : 2024/09/28, Date of review : 2024/12/29, Date of manuscript acceptance 2025/02/10 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76067
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

भाषाको आर्थी एकाइ शब्द हो । शब्दलाई आर्थी सन्दर्भसम्बद्ध बनाउनुलाई शब्दनिर्माण प्रक्रिया भनिन्छ । कुनै खास शब्दको आधारभूत कोशीय अर्थमा निर्भर भई अन्य आर्थी प्रतिनिधित्व गर्ने संरचना निर्माणलाई शब्दव्युत्पादन भनिन्छ । अर्थ र शब्दका बिचमा यादृच्छिक सम्बन्ध हुने भएकाले कुन संरचनालाई कस्तो अर्थका निम्ति स्वीकार गर्ने भन्ने विषय भाषिक प्रयोक्ता र सामाजिक सन्दर्भको विषय हो । शब्दव्युत्पादनका क्रममा लेखिमिक वस्तु (Graphic Substance) र ध्वनिक वस्तु (Phonetic substance) को एककालिक (Synchronic) उपस्थिति प्रयोग गरिएको हुन्छ । शब्द लेखिमिक वस्तु र ध्वनिक वस्तुको संयोजनमा आधारित आधारभूत सङ्केत (Symbol) हो तर शब्दव्युत्पादन आधारभूत सङ्केत आधार तत्त्व (Base Element) र त्यसमा आधेय तत्त्व (Peripheral Element) को योग भई रेखीय अनुक्रम (Linear Composition) का रूपमा तयार गरिएको संरचना हो । यस्तो संरचना तयार गर्दा रूपध्वनि प्रक्रिया (Morphophonemic Process) पनि सम्पन्न भएको हुन्छ । यसका अतिरिक्त शब्दहरू नै आर्थी तहमा संलयन (Amalgamation) हुने प्रक्रिया पनि छ । नेपाली भाषामा शब्द व्युत्पादनको यही आधारभूत प्रक्रियालाई प्रस्तुत अध्ययनमा समेटिएको छ । नेपाली भाषामा मूलतः आधारभूत कोशीय एकाइ (Primary base element) र कोशीय एकाइरहित आधार तत्त्व (Non lexical base element) को प्रक्रिया प्रयोग भएको देखिन्छ । प्रस्तुत अध्ययनमा आधारभूत कोशीय एकाइसम्बद्ध शब्दव्युत्पादनका प्रक्रिया र प्रकार मात्र अध्ययन गरिएको

छ । शब्द रचनाका अन्य प्रकार पनि नेपाली भाषामा प्रचलनमा छन् तर ती प्रक्रियामा आर्थी रूपका बिचको यौगिकीय सम्बन्ध हुन्न । त्यसैले तिनको विस्तृत अध्ययन गरिएको छैन । यो प्रस्तुत अध्ययनको सीमा हो ।

## अनुसन्धानको विधि

प्रस्तुत अनुसन्धान लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको छ । नेपाली भाषा यस शोध लेखको क्षेत्र हो भने शब्द व्युत्पादनको प्रक्रिया र प्रकार यसका समस्या हुन् । शोध लेख तयारीका निम्ति पुस्तकालयलाई सामग्रीको स्रोतका रूपमा प्रयोग गरिएको छ । नेपाली भाषा व्याकरणका शब्द व्युत्पादनसम्बद्ध सैद्धान्तिक पुस्तक यस लेखका द्वितीयक सामग्री हुन् । त्यसैगरी नेपालीमा प्रचलित शब्द तथा तिनको रचनाप्रक्रियासम्बद्ध सामग्री प्राथमिक सामग्री हुन् । लेख तयारीका क्रममा सैद्धान्तिक ढाँचा र सोअनुरूपका सूचक आरम्भमा प्रस्तुत गरेर नेपाली भाषाका शब्द तथा तिनको रचनाप्रक्रिया बारे अध्ययन गरिएको छ । त्यसैले यस लेखमा निगमनात्मक विधिको प्रयोग अधिक छ । विश्लेषणलाई संश्लेषण गर्ने सिलसिलामा प्राप्त प्राथमिक सामग्री र तिनको रचनाप्रक्रियाका आधार प्रयोग गरिएकाले अंशतः आगमनात्मक विधि पनि प्रयोग भएको छ । शब्दको आर्थी सन्दर्भ तथा त्यस्तो सन्दर्भ सङ्केतनका संरचनाको संज्ञान पक्ष प्रयोग भएकाले यस लेखमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ ।

## शब्दव्युत्पादन प्रक्रिया

अर्थ वा आर्थी प्रकार्यका निम्ति कुनै कोशीय एकाइ निर्माण गर्नु शब्दव्युत्पादन हो । शब्द अर्थयुक्त संरचना भएकाले रूप (morpheme) हो । यस्तो रूपबाट नयाँ अर्थयुक्त रूप निर्माणको प्रक्रिया व्युत्पादन हो । आर्थी संरचना (रूप) लाई "व्युत्पादन (derivation) र रूपायन (inflection) गरी दुई व्यापक कोटिमा बाँडिएको पाइन्छ" (शर्मा, २०५९, पृ. ९५) । कोशीय एकाइको व्युत्पादन आधारभूत रूपमा रहेको कोशीय कोटिसम्बद्ध प्रक्रिया हो । यस प्रक्रियामा कोशीय अर्थको निर्माण प्राथमिक रूपले रहेको हुन्छ अर्थात् व्युत्पादन प्रक्रिया आधार तत्त्वमा कोशीय आर्थी गुणको परिवर्तन हो । यसरी आर्थी गुणको परिवर्तन गर्दा आधारभूत रूप (morpheme) स्वतन्त्र र उक्त रूपको कोशीय आर्थी गुणमा परिवर्तन गर्ने घटक (constituent) का बिचको रूपध्वनि प्रक्रिया मुख्य रूपले घटित भएको हुन्छ । शब्द व्युत्पादनका क्रममा आधार तत्त्वका रूपमा रहेको मुक्त रूप (free form) र अर्थ परिवर्तक तत्त्व (bound form) हुन्छन् (क्रिस्टल, सन् २००३, पृ.३००) । व्युत्पादन भनेकै आधारभूत कोशीय एकाइको आर्थी गुणमा गरिने परिवर्तन हो । त्यसैले खास कोशीय एकाइबिना नयाँ अर्थयुक्त संरचित (निर्मित) एकाइ बन्दैन । यसरी आधारभूत रूपले रहेको कोशीय एकाइ स्वतन्त्र (monomorphemic) हुन्छ भने नयाँ अर्थका निम्ति संरचित रूप (polymorphemic) हुन्छ । अर्थयुक्त शब्द व्युत्पादन प्रक्रिया भनेको आधारभूत अर्थ भएको स्वतन्त्र संरचनालाई आर्थी गुण थप भएको जटिल संरचनामा परिवर्तन गर्नु हो । त्यसैले आर्थी गुणयुक्त नयाँ संरचना तयार गर्न रूप तत्त्वमा गरिएको परिवर्तन नै शब्दव्युत्पादनको प्रक्रिया हो ।

नेपाली भाषामा शब्दव्युत्पादन कोशीय आधार तत्त्वयुक्त र कोशीय आधार तत्त्वमुक्त गरी दुई प्रकारको पाइन्छ । व्युत्पादनले कोशीय आर्थी गुणमा संरचनात्मक फेरबदल गरी नयाँ अर्थयुक्त एकाइ निर्माणलाई बुझाउँछ । नेपाली व्याकरणमा प्रचलित कोशीय आधार तत्त्व (शब्द) का तहमा हुने नयाँ अर्थगत संरचनाको निर्माण प्रक्रिया यसप्रकार पाइन्छन् :

### सर्गप्रक्रिया

कुनै आधारभूत कोशीय एकाइको अर्थ सम्बद्ध भई नयाँ अर्थका निम्ति प्रयुक्त भएको संरचना सर्ग हो । "सर्गले विषय वा प्रसङ्गको अनुभाग भन्ने पनि बुझाउँछ" (आप्टे, सन् २००७, पृ. १०८७) तर व्याकरणमा सर्ग आर्थी एकाइको अर्थका

तहमा अनुभागतुल्य संरचना हो। आधार तत्त्व (धातु, प्रातिपदिक वा शब्द) कुनै पनि हुन सक्छ। सर्गले आधार तत्त्वको प्रचलित तथा साबिकको आर्थी गुणमा पार्ने प्रभाव नै नेपाली व्याकरणको सर्गप्रक्रियासम्बद्ध शब्दव्युत्पादनमा प्रचलित देखिन्छ। सर्गहरू कुनै न कुनै आधार तत्त्वसँग आबद्ध भएर मात्र आफ्नो महत्त्व दर्साउन सक्छन्। "सर्गहरू आफैँमा अर्थवान् हुँदैनन् तर अन्य तत्त्वसँग जोडिएपछि चाहिँ यिनले खास किसिमको अर्थ जनाउन सक्छन्" (अधिकारी, २०७६, पृ. १२५)। नेपाली व्याकरणमा आधार तत्त्वमा जोडिएर नयाँ आर्थी संरचना तयार गर्ने प्रक्रिया मुख्यतः तीन प्रकारका देखिन्छन्। ती हुन् : उपसर्ग प्रक्रिया, कृत् (सर्ग) प्रक्रिया र तद्धित (सर्ग) प्रक्रिया।

**उपसर्ग प्रक्रिया**

स्वतन्त्र शब्द वा आधार तत्त्वको अघिल्लो भागमा जोडिएर आउने एक स्वनिम (स्वर) वा स्वनिम बहुल (स्वर र व्यञ्जनको अनुक्रम) संरचना उपसर्ग हो। अगाडि जोडिएर आर्थी गुण सिर्जना गर्ने भएकाले यो उपसर्ग (उचभाष्ह) हो। यसको स्वतन्त्र अर्थ हुन्न। यसले परिधीय वा आश्रित एकाइको काम गर्छ। त्यसैले उपसर्ग बद्ध (स्वतन्त्र आर्थी उपस्थिति नहुने) संरचना हो। जस्तै :

**तालिका १**

**स्वनिम संरचना (सर्ग) र आधार तत्त्वका बिच सम्बन्ध**

| उपसर्ग | आधार तत्त्व | व्युत्पादन प्रक्रिया | व्युत्पन्न शब्द | स्वनिमको अवस्था |
|---|---|---|---|---|
| अ | ज्ञानी | अ+ज्ञानी | अज्ञानी | अ (स्वर) |
| अन | मेल | अन+मेल | अनमेल | अन (स्वव्यस्व) |
| कु | ख्यात | कु+ख्यात | कुख्यात | कु (व्यस्व) |
| बे | इमान | बे+इमान | बेइमान | बे (व्यस्व) |
| बै | रागी | बै+रागी | बैरागी | बै (व्यस्वस्व) |
| उन:उनन् | तीस | उन:उनन्+तीस | उनन्तिस | उन:उनन् (स्वव्यस्व:व्य) |
| गैर | नेपाली | गैर+नेपाली | गैरनेपाली | गैर (व्यस्वस्वव्यस्व) |
| ला | पत्ता | ला+पत्ता | लापत्ता | ला (स्वस्व) |

माथिका उदाहरणमा आधार तत्त्वका अघिल्तिर बद्ध तर अर्थरहित संरचनाको योग गरिएको छ। आधार तत्त्वको अर्थ वा धारणालाई नयाँ बनाउन वा सिर्जना गर्न आएका यी संरचनाको स्वतन्त्र आर्थी गुण छैन। आधार तत्त्वका अर्थमा पार्ने प्रभाव वा योगात्मक क्षमतालाई आधार मानेर उपसर्गको पनि अर्थ दिइएको पाइन्छ तर त्यस्तो अर्थ उक्त संरचनामा आएका स्वनिमको स्वतन्त्र अवस्था वा निरपेक्ष स्थितिमा आधारित हुन्न। जस्तै :

बै= व्यस्वस्व (ब्+अ+इ)

गैर=व्यस्वस्वव्यस्व (ग्+अ+इ+र्+अ)

उनन्=स्वव्यस्वव्य (उ+न्+अ+न्)

माथिका स्वनिम रेखीय अनुक्रम (linear composition) मा संरचित भई निश्चित संरचना प्राप्त गरेका छन्। बै, गैर र उनन् निश्चित संरचना हुन् तर यी स्वतन्त्र आर्थी गुण भएको अवस्थामा छैनन्। यिनले आधार तत्त्वबिना कुनै स्वतन्त्र अर्थगत प्रकार्य सम्पन्न गर्दैनन्। यिनले क्रमशः रागी, नेपाली र तीस कोशीय एकाइका अघिल्तिर आएर कुनै मोह वा चाहना नभएको, नेपाल बाहिर बसोबास भएको नेपाली र तीसभन्दा एक कम भन्ने अर्थ दिएका छन्। अगाडि आएर नयाँ सिर्जना गरेका कारण यी उपसर्ग हुन्। नेपाली व्याकरणमा तद्भव उपसर्ग (नेपाली उपसर्ग), तत्सम उपसर्ग र उपसर्गवत् प्रयुक्त हुने सर्ग प्रचलनमा छन् (शर्मा, २०५९, पृ. ९९–१०४)। तिनको विस्तृत अध्ययन यहाँ गरिएको छैन।

## कृत् सर्गप्रक्रिया

कोशीय आर्थीगुणयुक्त संरचनाको पछाडि स्वनिम समुच्चय जोडिने प्रक्रिया कृत् सर्गप्रक्रिया हो । आधार तत्त्वको प्रकृति हेरी पछाडि जोडिने सर्गका प्रकार विधान पाणिनिले "कृदतिङ (३.१.९३) (http//: सन् २००९, पृ. ९) भनी वैदिक र जनबोली (vernacular) भाषाका रूप सिद्धि प्रक्रियाका सन्दर्भमा उल्लेख गरेका छन् । अर्थात् आर्थी गुण थप गर्ने प्रयोजनले आधार तत्त्वमा सर्ग जोडिँदा कृत् र तिङ दुई भेद पहिचान भएको सन्दर्भ पाणिनिको तथ्याधारित नियमनबाट पनि पुष्टि हुन्छ । "नेपाली भाषामा नेपाली कृत् प्रक्रिया र संस्कृत कृत् प्रक्रिया गरी दुई प्रकार प्रचलित छन्" (शर्मा, २०५९, पृ. १०६–१११) । कृत् प्रक्रियाद्वारा नयाँ आर्थी गुण भएको एकाइ व्युत्पादन गर्दा रूपध्वनि प्रक्रिया अनिवार्य रूपले घटित भएको हुन्छ । स्वर स्वनिम र व्यञ्जन स्वनिमका तहमा देखिने यस्तो रूपध्वनि प्रक्रिया पनि रैखिक अनुक्रमात्मक (linear compositional), अरैखिक क्रमात्मक (nonlinear compositional) र लुप्त स्वनिम क्रमात्मक गरी तीन प्रकारले घटित हुन्छ । स्वनिमका तहमा घटित हुने यस प्रक्रियालाई शब्दव्युत्पादनको आन्तरिक व्यवस्था अन्तर्गत अध्ययन गरिन्छ । नेपाली भाषामा शब्दव्युत्पादनका क्रममा घटित हुने यी तीन प्रक्रियाको यस प्रकार अध्ययन गरिन्छ :

## रैखिक अनुक्रमात्मक

नेपाली कृत्प्रक्रियामा आधार तत्त्व र अधेय तत्त्वका बिच स्वनिमको उपस्थिति तथा त्यस्तो उपस्थितिका तहमा हुने रूपध्वनिको एक प्रकार रैखिक अनुक्रमात्मक हुन्छ । अर्थात् स्वनिमका बिच कुनै प्रकारको रेखीय फेरबदलको अवस्था सिर्जना हुन्न । व्यञ्जन स्वनिमान्त कृत् धातु आधार तत्त्वका रूपमा रहेको अवस्थामा आधेय तत्त्वमा रहेका स्वनिमको संरचनामा कुनै परिवर्तन नभई रेखीय संयोजनको प्रकृति देखा पर्छ । यस्तो रेखीय स्वनिम संरचनाका तहबाट सम्पन्न रूपध्वनि प्रक्रिया घटित हुँदा "प्रथम व्युत्पन्न नाम, प्रथम व्युत्पन्न विशेषण र प्रथम व्युत्पन्न क्रियाविशेषण" (शर्मा, २०५९, पृ. ६–११) वर्गको आर्थी एकाइ निर्माण हुन्छ । वर्गमा परिवर्तन भए तापनि यस्तो कृत् प्रक्रियामा आधारभूत रूपमा घटना, अवस्था वा कार्यव्यापारकै अर्थ मूल रूपमा रहेको हुन्छ । अर्थात् कुनै पृथक् कोशीय एकाइको आधारभूत अर्थ ग्रहण गरेको हुन्न । कृत् सर्गप्रक्रियाअन्तर्गत स्वनिमहरूको रेखीय क्रमात्मक सम्बन्ध र व्युत्पन्न शब्दको पूर्वावस्थालाई तालिकामा यस प्रकार प्रस्ट गर्न सकिन्छ :

**तालिका २**

**कृत् प्रक्रियामा रैखिक स्वनिम क्रम**

| आधार तत्त्व | आधेय तत्त्व | रेखीय स्वनिम क्रम | व्युत्पन्न शब्द | प्रकार्यात्मक व्युत्पन्न वर्ग |
|---|---|---|---|---|
| बन् | ओट | न्+ओ (नो) | बनोट | नाम |
| लिख् | अत | ख्+अ (ख) | लिखत | नाम |
| ढोग् | आउनी | ग्+आ | ढोगाउनी | नाम |
| हिँड् | नु | ड्+नु | हिँड्नु | नाम |
| खा | न | खा+न | खान | उत्तरकालिक कृदन्तविशेषण |
| बेच् | दो | च्+द् (च्द्) | बेच्दो | अवस्थाबोधक कृदन्तविशेषण |
| हिँड् | एर | ड्+ए (डे) | हिँडेर | पूर्वकालिक कृदन्तविशेण |
| सुन् | ए | न्+ए (ने) | सुने | सर्त बोधक कृदन्त |
| पढ् | दा | ढ्+द् (ढ्द्) | पढ्दा | स्थिति/अवस्थाबोधक |
| बस् | दा | स्+द् (स्द्) | बस्दा | स्थिति/अवस्थाबोधक |
| बस् | उन्जेल | स्+उ (सु) | बसुन्जेल | अवधि/कालबोधक |
| ख | उन्जेल | आ+उ (आउ) | खाउन्जेल | अवधि/कालबोधक |

माथिको तालिकामा व्यञ्जन तथा स्वर स्वनिमान्त धातुमा सर्ग (स्वनिम संरचना) को रेखीय संयोजन भएको छ । यसरी संयोजन हुँदा रेखीय क्रमसम्बन्ध नै यथावत रहेको छ तर व्युत्पन्न शब्द (स्वनिमक्रम) ले कार्यव्यापारबोधक मूल अर्थलाई नै आधारभूत रूपमा समेटेको छ । यी एकाइ वाक्य संरचनाका व्याकरणिक प्रकार्यस्थलमा प्रयोग हुँदा कृदन्त (कृत्+अन्त्य) भएर पनि उत्तरकालिक अवस्थाबोधक, पूर्वकालिक, सर्तबोधक, स्थितिबोधक, अवधिबोधक भई प्रयोग भएका छन् ।

## अरैखिक क्रमात्मक

नेपाली भाषामा कृत् प्रक्रियाद्वारा शब्द निर्माण हुँदा आधार तत्त्व र सर्गमा रहेका स्वनिमका तहमा हुने संयोजनमा अर्थसँग समीकरणीय (एक संरचनाको एक अर्थ हुने पारस्परिकता) नहुने संरचनामा पनि देखिन्छ । स्वनिमका तहमा हुने यस्तो आन्तरिक व्यवस्था र त्यसको परिवेशगत नियमनका विषयमा “इको यणचि (६.१.७७) र एचोऽयवायावः (http//: सन् २००९, पृ. ३१) भनी पाणिनिले नियम अनुवृत्ति गरेको पाइन्छ । “स्वनिम संरचना र अर्थका बिचको सम्बन्ध एकोहोरो देखाउन नसकिने (रेग्मी, २०५९, पृ. १४७) अवस्थामा व्युत्पादन प्रक्रियाको अरैखिक क्रमात्मक स्थिति देखापर्छ । यस्तो अवस्थामा रूपस्वनिमिक प्रतिबन्ध र स्वनिमप्रतिबन्ध दुबैको स्थिति देखिन्छ । “स्वनिम संरचना र अर्थको समीकरणीय सम्बन्ध नभएको यस्तो अवस्थालाई अमेरिकी संरचनावादीले रूपस्वनिम (morphophoneme) भनेका छन् तर संस्कृत व्याकरणमा स्वनिमप्रतिबन्धको स्थितिलाई मात्र सन्धि स्वीकारिएको छ” (तिवारी, सन् १९८५, पृ. ८८) । भाषामा यस्तो संलयात्मक (amalgamational) अवस्थालाई नेपाली शब्द व्युत्पादनका सन्दर्भमा स्वनिमको अरैखिक अवस्थाअन्तर्गत अध्ययन गरिन्छ । नेपालीमा प्राप्त कृदन्त शब्द तथा तिनमा घटित भएको आन्तरिक प्रक्रियालाई तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ :

**तालिका ३**

**कृत् प्रक्रियामा अरैखिक स्वनिम क्रम**

| आधार तत्त्व | आधेय तत्त्व | अरैखिक स्वनिम क्रम | व्युत्पन्न शब्द | प्रकार्यात्मक व्युत्पन्न वर्ग |
|---|---|---|---|---|
| हास् | आइ | स्+आ/आ=अ | हसाइ | नाम |
| जाँच् | आइ | च्+आ/आ=अ | जँचाइ | नाम |
| चाट् | अनि | ट्+अ/आ=अ | चटनी | नाम |
| पिउ | अक्कड | उ+अ/उ=य | पियक्कड | विशेषण |
| रु | आइ | उ+आ/व् | रुवाइ | नाम |
| दि | आइ | इ+आ/य् | दियाइ | नाप |
| लि | आइ | इ+आ/य् | लियाइ | नाप |
| जा | अत | आ+अ/व् | जावत | नाप |

माथिको तालिकाअनुसार आधार तत्त्वमा रहेको स्वनिम क्रम र आधेय तत्त्वमा रहेको स्वनिम क्रमका बिच कुनै रेखीय संलयन वा क्रमबद्ध निकटता छैन । अर्थात् ती स्वनिम क्रमको संयोजन स्थलमा आर्थी गुणको समीकरणीय अवस्था छैन तर व्युत्पन्न शब्दको वाक्यमा प्रकार्यात्मक उपस्थिति पृथक् बनेको छ । आन्तरिक तहमा भएको स्वनिमका बिचको खास नियमन (आगमआदेश) को प्रक्रियाका कारण स्वनिमको अरैखिकता देखिएको छ । यस्तो अरैखिकताबाट पनि खास अर्थका निम्ति संरचना तयार भएको छ ।

## लुप्त आर्थी स्वनिम

कुनै खास ध्वनि वा स्वनिमहरूको संरचना नदेखिएको अवस्था लुप्त आर्थी स्वनिम हो । यस्तो अवस्थामा स्वनिम सङ्केत नै प्राप्त नहुने भएकाले स्वनिम र अर्थका बिचको समीकरणीय अवस्था रहन्न । कृदन्तको यस्तो अवस्थामा वाक्य

संरचना तथा व्याकरिणक प्रकार्यको परिवेशअनुसार क्रिया वर्गको संरचना पनि बनेको हुन्छ । नेपाली भाषामा यस्ता लुप्त आर्थी स्वनिम र व्युत्पन्न एकाइको संरचनाप्रक्रियालाई तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ :

**तालिका ४**

**कृत् प्रक्रियामा लुप्त स्वनिम**

| अधार तत्त्व | आधेय तत्त्व | लुप्त स्वनिम अवस्था | व्युत्पन्न शब्द | प्रकार्यात्मक व्युत्पन्न वर्ग |
|---|---|---|---|---|
| खेल् | ∅ | अ | खेल् (वर्ग परिवर्तन) | आज्ञार्थक क्रिया |
| खोज् | ∅ | अ | खेल् (वर्ग परिवर्तन) | आज्ञार्थक क्रिया |
| हिँड् | ∅ | अ | हिँड् (वर्ग परिवर्तन) | आज्ञार्थक क्रिया |
| खोप् | ∅ | अ | खोप् (वर्ग परिवर्तन) | आज्ञार्थक क्रिया |
| दौड् | ∅ | अ | दौड् (वर्ग परिवर्तन) | आज्ञार्थक क्रिया |
| सुत् | ∅ | अ | सुत् (वर्ग परिवर्तन) | अज्ञार्थक क्रिया |

माथिको तालिकामा खेल्, खोज्, हिँड्, खोप्, दौड् र सुत् आधार तत्त्व हुन् । यी आधार तत्त्वमा कुनै स्वनिम संरचना आर्थी तहमा समीकरणीय बन्ने गरी आएका छैनन् । त्यसैले लुप्त स्वनिमको अवस्था छ, तर व्युत्पन्न वर्गमा तिनै आधार तत्त्व परिवर्तित वर्गका शब्द बनेका छन् । यो वाक्य संरचना र उक्त वाक्यमा प्रयोग भएका पदको रेखीय विन्यास तथा व्याकरणिक कोटिगत सम्बन्धको समीकरणीय स्थिति हो । त्यसैले नेपाली भाषामा शब्द वर्गमा परिवर्तन गरेर पनि कृत् प्रक्रिया तथा फरक आर्थी प्रकार्यात्मक वर्गको शब्द बनेको देखिन्छ ।

## तद्धितसर्ग प्रक्रिया

धातु र प्रत्ययइतरका स्वनिम संरचना प्रातिपदिक हुन् । “अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम् (१.२.४५)” (http//: सन् २००९, पृ.२) भनी पाणिनिले ती पद प्रातिपदिक हुन् जो अर्थवत् (अर्थ भएका) अधातुर् (धातुइतरका) र अप्रत्यय (प्रत्ययइतरका) छन् भनी लक्षण बताएका छन् । “अर्थात् त्यस्ता अर्थवत एकाइ जो धातु र प्रत्यय होइनन्, तिनलाई प्रातिपदिक भनिएको छ” (ढकाल, २०७८, पृ.२५) । त्यसैले “प्रातिपदिक (stem) मा अर्थ परिवर्तक स्वनिम संरचना जोडिएर नयाँ आर्थी एकाइ बन्ने प्रक्रिया तद्धित प्रक्रिया हो” (शर्मा, २०५९, पृ. ११२) । यस्तो प्रक्रियामा प्रातिपदिकका रूपमा रहेको स्वनिम संरचना आफैँमा आर्थी एकाइ हुने भएकाले द्वितीयक व्युत्पादन प्रक्रिया (secondary derivation process) पनि भनिन्छ । तद्धित प्रक्रियालाई पनि आधार तत्त्वको प्रकृति हेरी दुई मूलभूत प्रकारमा अध्ययन गरिन्छ । ती हुन् : स्वतन्त्र आर्थी गुणयुक्त स्वनिम संरचना र स्वतन्त्र आर्थी गुणरहित स्वनिम संरचना ।

## स्वतन्त्र आर्थी गुणयुक्त स्वनिम संरचना

तद्धित प्रक्रियामा आधार तत्त्व स्वतन्त्र आर्थी एकाइ भई प्रयोग हुने गुण भएको अवस्था स्वतन्त्र आर्थी स्वनिम संरचना हो । यस्तो संरचनामा पर रूप (आधेय तत्त्व) व्यञ्जन स्वनिमबाट आरम्भ हुन्छ । अर्थात् पूर्व रूपको अन्त्यमा स्वर स्वनिम आएर स्वतन्त्र एकाइ तथा वाक्य संरचनामा निश्चित प्रकार्य सम्पन्न गर्ने प्रकृतिको हुन्छ । यसलाई तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ :

**तालिका ५**
**स्वतन्त्र आर्थी गुणयुक्त स्वनिम संरचनाबाट शब्दव्युत्पादन**

| आधार तत्त्व | आधेय तत्त्व | अन्त्यको स्वनिम | आधारको प्रकार्यात्मक वर्ग | व्युत्पन्न शब्द |
|---|---|---|---|---|
| दुध | वाला | अ | नाम | दुधवाला |
| मुलायम | पन | अ | विशेषण | मुलायमपन |
| मिलन | सार | अ | नाम | मिलनसार |
| घर | पेटी | अ | नाम | घरपेटी |
| करोड | पति | अ | विशेषण | करोडपति |
| झापा | ली | आ | नाम | झापाली |
| गाउँ | ले | उ | नाम | गाउँले |
| मसी | दानी | ई | नाम | विशेषण |
| ज्यान | दार | अ | नाम | विशेषण |

माथिको तालिकामा क्रमश : वाला, पन, सार, पेटी, पति, ली, ले, दानी र दार आधेय तत्त्व आएका छन् । यी आधेय तत्त्वको आरम्भ व्यञ्जन स्वनिमबाट भएको छ तर यी आधेय तत्त्वको आधार बनेर आएका तत्त्वमा अन्त्यको स्वनिम क्रमश : अ, अ, अ, अ, अ, आ, उ, ई, र अ आएका छन् । नेपाली शब्द व्युत्पादन प्रक्रियामा स्वनिमको रेखीय विन्यास विश्लेषण गर्दा आधार तत्त्वको अन्त्यमा स्वर स्वनिम आएको अवस्थामा आधेय तत्त्वको आरम्भ व्यञ्जन स्वनिमबाट हुने देखिन्छ । व्यञ्जनबाट आरम्भ भएका तद्धित प्रत्यय (आधेय) को अघि मुक्त प्रातिपदिक आउँछन् । यसको पुष्टि माथिको तालिकामा आएका आधार तत्त्वको प्रकृतिबाट पनि हुन्छ ।

### स्वतन्त्र आर्थी गुणरहित स्वनिम संरचना

तद्धित प्रक्रियामा आधार तत्त्व स्वतन्त्र रूपले प्रयोग हुने सामथ्र्य नभएका एकाइ पनि शब्द व्युत्पादनका तत्त्व बनेका हुन्छन् । यस्ता एकाइ बद्ध प्रातिपदिक हुन्छन् वा अन्य कुनै स्वनिम संरचनाको योग पछिमात्र सार्थक बन्ने अवस्था हुन्छ । आर्थी गुणमा स्वतन्त्रता प्राप्त नगरेका कारण यस्ता स्वनिम संरचना कोशीय एकाइका स्थानमा रहेका हुन्नन् । नेपाली भाषाको शब्द व्युत्पादन प्रक्रियामा स्वर स्वनिम (ध्वनि) बाट आरम्भ भएका आधेय तत्त्व (परसर्ग) योग हुँदा स्वतन्त्र आर्थी गुण भएका शब्द व्युत्पादन हुने गरेको देखिन्छ । यसलाई तलको तालिकाबाट थप प्रस्ट पारिएको छ ।

**तालिका ६**
**स्वतन्त्र आर्थी गुणरहित स्वनिम संरचनाबाट शब्दव्युत्पादन**

| आधार तत्त्व | आधेय तत्त्व | अन्त्यको स्वनिम | व्युत्पन्नको प्रकार्यात्मक वर्ग | व्युत्पन्न शब्द |
|---|---|---|---|---|
| काप् | ए | प् | विशेषण | कापे |
| मोट् | ए | ट् | विशेषण | मोटे |
| घर् | आन | र् | विशेषण | घरान |
| कर् | इया | र् | विशेषण | करिया |
| हाट् | इया | ट् | विशेषण | हटिया |
| गोल् | आइ | ल् | नाम | गोलाइ |
| सुठ् | आउरो | ठ् | विशेषण | सुठाउरो |
| चन् | औटो | न् | विशेषण | चनौटो |
| केट् | औलो | ट् | विशेषण | केटौलो |
| पत् | एरो | त् | विशेषण | पतेरो |

माथिको तालिकामा पहिलो लम्बीय वर्ग (coloum) मा रहेका स्वनिम संरचना स्वतन्त्र रूपले सार्थक संरचना होइनन् किनभने यिनमा व्यञ्जनान्त अवस्था छ। नेपाली भाषामा प्रातिपदिक अपवादबाहेक व्यञ्जनान्त हुन्नन्। त्यसैले यी प्रातिपदिक बद्ध रूप हुन्। यिनलाई आर्थी सार्थकता वा आर्थी पहिचान दिनका निम्ति आएका आधेय तत्त्व (परसर्ग) स्वरादि प्रकृतिका छन्। ए, आन्, इया, इया, आइ, आउरो, औटो, औलो र एरो स्वरादि सर्ग हुन्। यिनले रेखीय विन्यासमा आएर आधार तत्त्वको अन्त्यमा रहेका व्यञ्जनलाई वर्णका तहमा संरचित गरेका छन् भने समग्रमा सार्थक शब्द व्युत्पादन गरेका छन्। यसरी व्युत्पन्न भएका शब्द चौथो लम्बीय वर्गका विशेषण र नाम शब्द बन्न पुगेका छन्। बाह्य संरचनाका तहमा यो शब्द व्युत्पादनको प्रक्रिया जस्तो देखिन्न तर आन्तरिक तहमा यहाँ रूपध्वनि प्रक्रिया घटित भएको देखिन्छ किनभने परसर्गमा आएका स्वनिमको अभावमा व्यञ्जनान्त प्रातिपदिक निरपेक्ष आर्थी एकाइ बन्न सकेको देखिँदैन।

## समास प्रक्रिया

नेपाली भाषामा आर्थी एकाइ व्युत्पादनको दोस्रो अवस्था समास हो। समास आर्थी संलयन (semantic amalgamation) को प्रक्रिया हो। अर्थात् स्वतन्त्र आर्थी गुण भएका एकाइहरूलाई परस्पर आर्थी रूपले सन्निकट तुल्याएर सबैको अर्थ एकैमा मिसाउने तथा सट्टे अर्थ दिने एकाइको निर्माण गर्ने प्रक्रिया नै समास हो। "समास हुँदा माथिल्लो एकाइ पद समूह (phrase) तल्लो एकाइ पद (word) मा झर्छ" (शर्मा, २०५९, पृ.१२७)। यस्तो एकार्थको अवस्थालाई "एकार्थवाचकतां प्राप्तो भिन्नार्थकाऽनेकपदसमूह : समास" (जोशी र झा, सन् १९९०, पृ. ४७८) भनी परिभाषित गरिएको छ। समास प्रक्रियामा एकार्थ वाचक हुनु अनिवार्य आधार हो। एकाइहरूको समीकरणीय (निश्चित संरचना निश्चित अर्थका निम्ति आएको अवस्था) स्थिति आर्थी तहमा संलयन भएको अवस्था र एकाइको पृथक्तामा पनि आर्थी संलयनको अवस्था गरी यसका दुई आधारभूत भेद देखिन्छन्। समासद्वारा शब्द व्युत्पादन प्रक्रियाका यी दुई प्रकारलाई यस प्रकार विश्लेषण गरिएको छ :

## समीकरणीय संरचनाको आर्थी संलयन

निश्चित आर्थी एकाइहरू अर्थका तहमा मिसिएर सट्टे आर्थी एकाइ वा सङ्क्षेपार्थी एकाइ बन्ने प्रक्रिया समीकरणीय संरचनाको आर्थी संलयन हो। यस प्रक्रियामा सट्टे आर्थी एकाइ बन्नु पूर्वका (विग्रह रूपका) एकाइ अर्थगत रूपमा सन्निकट, सम्मिलित, विलय, आगम (प्रतिकूलतारहित उपस्थिति) तथा आदेश (प्रतिकूलतासहित उपस्थिति) को प्रक्रिया घटित हुन्छ। यस प्रक्रियाअन्तर्गत परम्परागत रूपमा स्वीकारिएका लोप समास (निश्चित समीकरणीय एकाइमा फेरबदल हुने) प्रकारहरू पर्दछन्। यसलाई तालिकामा यस प्रकार अध्ययन गरिएको छ :

**तालिका ७**
**समीकरणीय संरचनाको आर्थी संलयनद्वारा शब्द व्युत्पादन**

| आर्थी एकाइको समीकरणीय अवस्था (विग्रहहरू) | फेरबदलको स्थिति | सङ्क्षेपार्थी शब्दको प्रक्रिया | व्युत्पादनको प्रकार |
|---|---|---|---|
| भाइलाई मारा | लाई लोप | भाइ+मारा | भाइमारा (तत्पुरुष) |
| रसले सिक्त | ले लोप | रस+ सिक्त | रससिक्त (तत्पुरुष) |
| मालका लागि गोदाम | का लागि लोप | माल+गोदाम | मालगोदाम (तत्पुरुष) |
| खद्राको पसल | को लोप | खुद्रा+पसल | खुद्रापसल (तत्पुरुष) |
| लाल मोहर | विशेषक सम्बन्ध लोप | लाल+मोहर | लालमोहर (कर्मधारय) |
| शुद्ध अशुद्ध | अ=आ/आ आगम | शुद्ध्+अशुद्ध | शुद्धाशुद्ध (कर्मधारय) |

| | | | |
|---|---|---|---|
| जीवनरूपी दीप | रूपी लोप | जीवन+दीप | जीवनदीप (कर्मधारय) |
| तीन कोणको समूह | समूह/गौण | तीन+कोण | त्रिकोण (द्विगु) |
| पाँच तत्त्वको समूह | समूह/गौण | पाँच+तत्त्व | पञ्चतत्त्व (द्विगु) |
| आठ अध्यायको समूह | समूह/गौण | अष्ट+अध्याय | अष्टाध्यायी (द्विगु) |
| नियमको अनुसार | को लोप, अविकारी प्रधान | नियम+अनुसार | नियमानुसार (अव्ययीभाव) |
| साँझ बिहान | कोशीय पृथक्ता लोप | साँझ+बिहान | साँझबिहान (अव्ययीभाव) |
| नाङ्गो भुतुङ्गो | कोशीय पृथक्ता लोप | नाङ्गो+भुतुङ्गो | नाङ्गोभुतुङ्गो (द्वन्द्व) |
| अन्न जल | कोशीय पृथक्ता लोप | अन्न+जल | अन्नजल (द्वन्द्व) |
| दाल भात डुकू | कोशीय पृथक्ता लोप | दाल+भात+डुकू | दालभातडुकु (द्वन्द्व) |
| मरेको बाँचेको | कोशीय पृथक्ता लोप | मारेको+बाँचेको | मरेबाँचेको (द्वन्द्व) |
| लामा खुट्टा छन् जसका | समीकरणीय एकाइ लोप | लामा+खुट्टे | लामखुट्टे (बहुब्रीहि) |
| विष धारण गरेको छ जसले (विष धर्छ जसले) | समीकरणीय एकाइ लोप | विष+धारण | विषधर (बहुब्रीहि) |
| पाषाणजस्तो हृदय छ जसको | समीकरणीय एकाइ लोप | पाषाण+हृदय | पाषाणहृदय |

माथिको तालिकामा दुई वा सोभन्दा बढी कोशीय एकाइ अर्थसँगको समीकरणीय स्थितिमा आएका छन् । पहिलो लम्बीय वर्गमा दिइएका यस्ता एकाइको अर्थगत संलयन भई सङ्क्षेपार्थी शब्द बनेको छ । यसरी समास (सङ्क्षेपार्थी) प्रक्रिया सम्पन्न हुँदा विग्रह रूपमा रहेका एकाइमा फेरबदल भई कुनै एकाइ लोप भाएको, कुनै एकाइ आगम भएको, कुनै एकाइ सङ्क्षेपार्थी शब्दमा गौण बनेको र कुनैको कोशीय आर्थी उपस्थिति प्रधान बनेको अवस्था छ । यसरी दुई वा सोभन्दा बढी समीकरणीय आर्थी एकाइ परस्पर अर्थका तहमा संलयन भई सट्टे आर्थी एकाइ बनेको छ । यसरी पनि नेपाली भाषामा नयाँ आर्थी प्रकार्यका निम्ति सट्टे शब्द व्युत्पादन भएको देखिन्छ ।

## पृथक्ताबद्ध एकाइमा आर्थी संलयन

नेपाली भाषामा कोशीय अर्थसँग समीकरणीय अवस्थामा नै पनि आर्थी सङ्क्षेपार्थी शब्द व्युत्पादनको प्रक्रिया घटित भएको देखिन्छ । स्वतन्त्र रूपमा प्रयोग भई फरक कोशीय उपस्थिति देखाउने शब्दहरू परस्परमा अर्थगत अन्वय हुन पुगेको अवस्थामा पृथक्ताबद्ध आर्थी संलयन हुन्छ । "यसलाई अलुक् वा अलोप समास पनि भनिएको छ" (शर्मा, २०५९, पृ. १३०) । यसरी बनेका शब्द पदवियोगको अवस्थामा नै अर्थगत निकटस्थ भई सङ्क्षेपार्थी एकाइका तहमा प्रयोग भएका हुन्छन् । जस्तै:

**पृथक्ताबद्ध आर्थी एकाइ र सङ्क्षेपार्थी अवस्था (समस्त शब्द)**

महिला बालबालिक तथा समाज कल्याण मन्त्रालय
समाज कल्याण परिषद्
सर्वोच्च अदालत
संवैधानिक परिषद्
महान्यायाधिवक्ताको कार्यालय
लोकसेवा आयोग
संसदीय सुनुवाइ समिति
राज्यका नीति तथा निर्देशक सिद्धान्त
न्याय परिषद्
राष्ट्रिय मानव अधिकार आयोग

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
राष्ट्रिय समाचार समिति
उपभोक्ता हित संरक्षण केन्द्र
नाप तौल तथा गुणस्तर विभाग
राष्ट्रिय योजना आयोग
सूचना तथा सञ्चार प्रविधि मन्त्री
राष्ट्रिय महिला आयोग
निर्वाचन आयोग
निजामती सेवा नियमावली
दुग्ध विकास बोर्ड
दुग्ध विकास संस्थान
राष्ट्रिय भूमिहीन आयोग
महालेखा परीक्षकको कार्यालय

## द्वित्व प्रक्रिया

आर्थी एकाइ दोहोऱ्याएर मूल एकाइको अर्थलाई नै जोड दिने गरी शब्द निर्माण गर्ने प्रक्रिया द्वित्व हो। यस प्रक्रियामा आधारभूत रूपले पृथक् अर्थ व्युत्पादन हुँदैन। केवल मूल अंश (आधारभूत एकाइ) को कोशीय अर्थलाई थप जोड दिने, त्यस्तो अर्थको अवधारणात्मक पक्षलाई प्रबल बनाउने वा प्राथमिकता दिएर व्यक्त गर्ने प्रक्रिया अपनाइन्छ। त्यसैले यसलाई उस्तै दोहोऱ्याउने (Reduplication) भनिन्छ। "फरकफरक आर्थी एकाइको प्रयोग गरी यौगिकीय विधान" (शर्मा, २०५९, पृ. १३९) गरिने पूर्ववर्ती सर्ग र समास प्रक्रियाको तुलनामा द्वित्व प्रक्रिया शब्द व्युत्पादनको गौण तरिका हो किनभने यसमा कुनै नयाँ कोशीय अर्थका निम्ति स्वनिम संरचनालाई प्रथमिकता दिइएको हुन्न। केवल पुरानै अर्थको जोड वा प्राथमिकतामा आधारित अभिप्राय थप गरिएको मात्र हुन्छ। नेपाली भाषामा आधारभूत एकाइको डब्लिएको मात्रा र प्रकृतिअनुसार द्वित्वका यस प्रकारका दुई भेद देखिन्छन् :

### पूर्ण संरचना दोहोरिएको द्विरुक्त शब्द

कुनै आर्थी एकाइको स्वनिम संरचना शतप्रतिशत उही दोहो¥याएर नयाँ शब्द निर्माण गर्ने प्रक्रिया पूर्ण संरचना दोहोरिएको द्विरुक्त शब्द हो। यसलाई पूर्ण द्वित्व पनि भनिन्छ। यसरी आधारभूत एकाइलाई डब्ल्याउँदा केवल कोशीय अर्थलाई जोड दिने वा प्रबल तुल्याउने अभिप्राय मात्र प्रस्तुत गरिएको हुन्छ।

**तालिका ८**

**पूर्ण संरचना दोहोरिएको द्विरुक्त शब्द**

| आधार एकाइ | डब्लिएको प्रक्रिया | व्युत्पन्न शब्द | आर्थी प्रबलता |
|---|---|---|---|
| मान्छे | मान्छे+मान्छे | मान्छेमान्छे | मान्छेको सङ्ख्यामा जोड |
| रास | रास+रास | रासरास | सामानको थुप्रोमा जोड |
| बुढो | बुढो+बुढो | बुढोबुढो | बुढोपनामा जोड |
| दन | दन+दन | दनदन | आगो सल्काइमा जोड |
| कुरुम | कुरुम+कुरुम | कुरुमकुरुम | चपाउँदाको आबाजमा जोड |
| ख्याक | ख्याक+ख्याक | ख्याकख्याक | खोकीको तरिकामा जोड |

माथिको तालिकामा अवधारणात्मक अर्थ दिने अर्थ कोशीय एकाइको स्वनिम संरचना सतप्रतिशत डब्लिएको प्रक्रिया छ । यसरी डब्लिने क्रममा पुरानै आधारभूत कोशीय एकाइको अवधारणालाई थप प्रबल वा प्राथमिक तुल्याइएको छ । आर्थी अवधारणालाई थप जोड दिने हेतुले मात्र यस्तो डब्लिने प्रक्रिया प्रयोग गरिएको छ । त्यसैले स्वनिमको पूर्ण संरचना दोहो¥याएर केवल पुरानै अर्थको प्रबलता मात्र प्रस्तुत गरिएको छ ।

## पूर्ण संरचना नदोहोरिएको द्विरुक्त शब्द

द्वित्व प्रक्रियाको मुख्य पहिचान नै दोहोरिनु हो तर आधारभूत एकाइको दोहोरिने प्रकृतिमा भने पृथक्ता हुन्छ । आधारभूत एकाइ सतप्रतिशत नदोहोरिएर केही अंश वा ध्वनिका तहमा आगम, लोप र परिवर्तन देखिन गई आधारभूत एकाइको पुरानै अर्थलाई प्रकारान्तरले जोड दिएको अवस्था यसअन्तर्गत पर्छ । यस प्रक्रियालाई आंशिक र आपरिवर्तित द्वित्व पनि भनिन्छ । यसलाई तालिकामा यस प्रकार प्रस्तुत गरिएको छ :

**तालिका ९**

**पूर्ण संरचना नदोहोरिएको द्विरुक्त शब्द**

| आधार एकाइ | दोहोरिएको प्रक्रिया | द्विरुक्त शब्द | आर्थी अवधारणा |
|---|---|---|---|
| झल्को | झल्को+झल्को | झझल्को | स्मरणको आवृत्ति |
| सुर्को | सुर्को+सुर्को | सुसुर्को | तयार हुन गरेको हतार |
| मसला | मसला+मसला | मरमसला | मसलाका विविधता |
| तमसुक | तमसुक+तमसुक | तरतमसुक | तमसुकको तयारी |
| गोद | गोद+गोद (ओरआ) | गोदगाद | पिट्ने गतिविधि |
| तिरन | तिरन+तिरन (इ/आ) | तिरनतारन | तिर्ने गतिविधि |
| पैँचो | पैँचो+पैँचो (प्/०) | ऐँचोपैँचो | सापटको गतिविधि |

माथिको तालिकामा व्युत्पन्न शब्द केवल आधार एकाइको केही अंश प्रकारन्तरले उपस्थिति भएको छ र व्युत्पादित शब्दको स्वनिम संरचना पृथक् बनेको छ । यसरी व्युत्पन्न हुने क्रममा दोहोरिएको अंश भने आधारभूत रूपमा रहेको कोशीय एकाइ नै रहेको छ किनभने जुन संरचना स्वयम्मा एकोहोरिने आर्थी गुणको हुन्छ, त्यही नै दोहोरिने हो । एकोहोरिने आर्थी गुण नभएको एकाइ दोहोरिने भन्ने हुन्न । त्यसैले माथिको तालिकामा आधारभूत एकाइ बनेर आएका स्वनिम संरचना नै व्युत्पन्न शब्दमा दोहोरिने आर्थी गुण भएको अवस्था छ ।

नेपाली भाषामा कोशीय एकाइरहित आधारबाट शब्द व्युत्पादन पनि भएको पाइन्छ । यस्तो व्युत्पादनमा आर्थी एकाइका रूपमा आएका रूपिमको यौगिकीय प्रक्रिया पाइन्न । यसअन्तर्गत अनुकरण प्रक्रिया निर्मित अनुकरणात्मक (onomatopoeic), कर्तन प्रक्रिया निर्मित कर्तना (clipped), सङ्क्षेप प्रक्रिया निर्मित सङ्क्षिप्त शब्द (acronym) र मिश्रण प्रक्रिया निर्मित मिश्रित (blended) पनि प्रचलित छन (शर्मा, २०५९, पृ. ९७) । शब्द व्युत्पादनको कोशीय आधार तथा आर्थी एकाइका बिचको यौगिकीय प्रक्रिया मात्र प्रस्तुत अध्ययनको विषयगत सीमा भएकाले उल्लिखित प्रक्रिया निर्मित शब्दको सङ्केत मात्र गरिएको हो ।

## निष्कर्ष

नेपाली भाषामा रूप तथा पदका तहमा रहेर गरिने शब्द व्युत्पादनको मूलतः दुई प्रक्रिया देखिन्छन् । पहिलो आर्थी एकाइहरूका बिचमा हुने यौगिकीय प्रक्रिया र दोस्रो अनुकरणलगायताका अन्य प्रक्रिया गरी दुई भेद छन् । शब्द व्युत्पादनको आधारभूत आशय भनेको कोशीय तथा आर्थी गुण भएका एकाइका बिचमा हुने यौगिकीय सम्बन्ध हो । त्यसैले नेपाली भाषामा

शब्द व्युत्पादनअन्तर्गत सर्ग प्रक्रिया, समास प्रक्रिया र द्वित्व प्रक्रिया नै पर्दछन् । रूपध्वनि प्रक्रिया (सन्धि) लाई पनि शब्द व्युत्पादनको प्रक्रियामा समेटिएको छ तर यो आन्तरिक तहमा भएको ध्वनि तथा ध्वनिक्रम निर्मित रूपको व्यवस्थामा हेरिने फरक दृष्टिकोण हो । नेपाली भाषामा पूर्वसर्ग प्रक्रिया सम्पन्न हुँदा स्वनिमको रैखिकता देखिन्छ । बद्ध संरचना मुक्त संरचनाका अगाडि आएर फरक कोशीय अर्थ निर्माण गर्ने भएको हुँदा उपसर्ग स्वतन्त्र आर्थी गुणका हुन्नन् केवल तिनले आधार तत्त्व (मुक्त रूप) मा स्वनिमिक संलग्नता मात्र जनाएका हुन्छन् । नेपालीमा सर्ग प्रक्रियाको अर्को प्रकार तद्धित प्रक्रिया हो । धातु र सर्गइतरका स्वनिम संरचना प्रातिपदिक हुन् । नेपाली भाषामा स्वतन्त्र आर्थी गुण भएको प्रातिपदिक (स्वरान्त प्रातिपदिक) मा व्यञ्जनादि तद्धित सर्ग जोडिएर कोशीय आर्थी गुण भएको नयाँ शब्द बन्ने प्रक्रिया छ । त्यसैगरी व्यञ्जनान्त प्रातिपदिक (अपवादबाहेक) ले स्वरादि तद्धित प्रत्यय लिन्छ । यसरी शब्द निर्माण हुँदा स्वर स्वनिम निर्णायक बन्ने प्रक्रिया देखिन्छ । कृत् सर्ग प्रक्रिया पर सर्ग प्रक्रियाको अर्को प्रकार हो । नेपाली भाषामा कृत् सर्ग जोडिदा रैखिक अनुक्रमात्मक स्वनिम सम्बन्ध, अरैखिक क्रमात्मक सम्बन्ध र लुप्त स्वनिम सम्बन्ध देखिन्छ । आर्थी गुणयुक्त एकाइ परस्परमा अर्थका तहमा संलयित (सट्टे आर्थी) हुने प्रक्रियालाई समास भनिन्छ । समस्त (सङ्क्षेपार्थी) शब्द व्युत्पादनका पनि समीकरणीय संरचनाको आर्थी संलयन र पृथक्ताबद्ध एकाइको आर्थी संलयन गरी दुई भेद देखिन्छ । यसलाई परम्परागत व्याकरणमा लोप समास र अलुक (अलोप समास) भनी अध्ययन गरिएको पाइन्छ । नेपाली भाषामा आर्थी एकाइलाई दोहो¥याएर अर्थ वा अवधारणालाई जोड दिने प्रक्रिया पनि प्रचलित छ । यो आधारभूत कोशीय आर्थी गुणको निर्माण प्रक्रिया होइन । केवल आधारभूत एकाइको अर्थमा प्रकारान्तरले गरिएको जोड मात्र हो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०७६), *प्रयोगात्मक नेपाली व्याकरण*, चौथो संस्क., साझा प्रकाशन ।

आप्टे, वामन शिवराम (सन् २००७), *संस्कृत हिन्दी कोश*, दोस्रो संस्क., मोतीलाल बनारसीदास ।

ढकाल, मतिप्रसाद (२०६९), *शब्दनिर्माणप्रक्रिया र सन्धि*, भुँडीपुराण प्रकाशन ।

ढकाल, मतिप्रसाद (२०६९), *संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम*, विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, दीपकप्रसाद (२०७८), "अष्टाध्यायी व्याकरणमा सूत्रशैली", *वाङ्मय*, (१८), पृ. २१–३० ।

जोशी, सदाशिवशास्त्री र झा, रामचन्द्र (संस्कृत–हिन्दी व्याख्या), (सन् १९९०), *मध्यसिद्धान्तकौमुदी*, वरादाचार्य, बाह्रौँ संस्क., चौखम्बा अमरभारती प्रकाशन ।

तिवारी, भोलानाथ (सन् १९८५), *आधुनिक भाषाविज्ञान*, लिपि प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद र न्यौपाने, दीपकप्रसाद (२०६३), *रूपविज्ञान*, भुँडीपुराण प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५९), *नेपाली निर्वचन*, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान*, नवौं संस्क., साझा प्रकाशन ।

रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लुइँटेल, विष्णु (२०५३), तत्सम शब्दको वर्णविन्यास, साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५९), शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू, नवीन प्रकाशन ।

Crystal, David -2003_, *A Dictionary of Linguistics and Phonetics*, Blackwell Publising.

http//M snaskritdocument=org -A.D 2003_, July 3=